Journal of Research and Analysis
(A Multidisciplinary and Multilingual Peer-reviewed Journal)
Published by:
Technology Twenty Fifty Pvt. Ltd
Website: https://technology2050.com.np/
ISSN: 3059-9571

# राज्य उत्पत्तिका सिद्धान्त

**सहप्रा. डा. जनकराज भट्ट**[१]
राजनीतिशास्त्र शिक्षण विभाग,
वाल्मीकि विद्यापीठ
Email: bhattajanak7@gmail.com

**शोधसार**
वर्तमान विश्वमा करिब दुई सय राज्यहरू छन् । कालक्रमअनुसार राज्यहरू टुट्ने र जुट्ने गर्दछन् । त्यसैले राज्यको सङ्ख्या घटबढ भइरहन्छ । आदिम समाजमा राज्य नै थिएन भनिन्छ । विद्वान्हरूले राज्य उत्पत्ति भएको मान्दछन् । तर राज्य कसरी उत्पत्ति भएको हो भन्ने विषयमा विद्वान्हरू एकमत छैनन् । यसबारे पौरस्त्य र पाश्चात्य क्षेत्रका विभिन्न विद्वान्हरूले आआफ्नै विचार व्यक्त गरेका छन् । कसैले दैवी शक्तिले राज्य उत्पन्न गराएको मान्दछन् भने कसैले सामाजिक सम्झौताद्वारा राज्य उत्पन्न भएको मान्दछन् । त्यस्तै कतिपयले शक्तिशाली व्यक्तिले राज्य बनाएको मान्दछन् भने अन्य कतिपय विद्वान्हरू राज्य क्रमशः विकसित हुँदै आएको मान्दछन् । राज्य उत्पत्तिका बारेमा यस्ता सबैजसो मतहरूबारे अध्ययन र चिन्तनमनन हुनु आवश्यक छ । राज्य उत्पत्तिसम्बन्धी विविध मतहरूका बारेमा यस आलेखमा विश्लेषण गरिएको छ ।

**शब्दकुञ्जी** – पौरस्त्य, पाश्चात्य, मात्स्यन्याय, करार, दैवी, विकासवादी, अराजकता, शोषणा, सवर्हारा

## १. शोध समस्या :

(क) राज्य उत्पत्ति हुनुअघिको समाज कस्तो थियो ?
(ख) प्राकृतिक अवस्थामा मानव स्वभाव कस्तो थियो ?
(ग) राज्य उत्पत्तिका पौरस्त्य र पाश्चात्य मतहरू के के हुन् ?

## २. शोधको उद्देश्य

**(क)** राज्य उत्पत्ति हुनुअघिको आदिम समाजका बारेमा चित्रण गर्नु ।
**(ख)** मानव स्वभावका बारेमा विश्लेषण गर्नु ।
**(ग)** राज्य उत्पत्तिका पौरस्त्य र पाश्चात्य मतहरूबारे प्रकाश पार्नु ।

## ३. अध्ययन विधि

---

१ . डा. जनकराज भट्ट नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठको राजनीतिशास्त्र विययको सहप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ । उहाँको शैक्षिक रूचि राजनीतिशास्त्र, फलित ज्योतिष, खगोलशास्त्र, धर्मशास्त्र जस्ता विषयक्षेत्रमा केन्द्रित छ । उहाँका राजनीतिशास्त्र, नेपाल अध्ययन, सामाजिक अध्ययन, फलित ज्योतिष, धर्मशास्त्र लगायतका विषयसँग सम्बद्ध एक दर्जनजति कृतिहरू प्रकाशित छन् । विशेषतः उहाँ राजनीतिशास्त्र र फलित ज्योतिय विषयको अध्ययन अनुसन्धानमा संलग्न हुनुहुन्छ ।

प्रस्तुत आलेख गुणात्मक अनुसन्धानको ढाँचाबाट अघि बढाइएको छ। यसमा द्वितीयक सामग्रीको प्रयोग गरिएको छ। पूर्वप्रकाशित पुस्तक, जर्नल र विद्युतीय माध्यमबाट प्राप्त सामग्रीको प्रयोग गरिएको छ। प्राप्त सामग्रीको अध्ययन गरी विषयवस्तुको विश्लेषण गरिएको छ। वर्तमान विश्वमा करिब दुई सय जति राज्य छन्। समयक्रममा कतिपय राज्यहरू गाभिने र छुट्टिने पनि हुँदै आएका छन्। यस लेखमा विशेषगरी राज्यको उत्पत्ति कसरी भयो भन्नेबारे विस्तृत रूपमा अध्ययन गरी निष्कर्ष निकालिएको छ।

## ४. विषय प्रवेश

राज्यको उत्पत्तिका बारेमा पौरस्त्य र पाश्चात्य क्षेत्रबाट विविध विचार आएका छन्। पौरस्त्य क्षेत्रबाट मनु र बृहस्पतिले राज्यविहीन अवस्थाको चिन्तन गरेका छन्। त्यस्तै महाभारतमा पनि राज्यको उत्पत्तिका बारेमा बताइएको छ। अन्य साहित्यमा पनि यसबारे प्रकाश पारिएको छ। पाश्चात्य क्षेत्रमा पनि राज्यको उत्पत्तिका बारेमा विविध पक्षबाट चिन्तन गरिएका छन्। यसमा दैवी सिद्धान्तका साथै सामाजिक सम्झौताको सिद्धान्त प्रमुख मानिन्छ। सामाजिक सम्झौतावादीहरूमा थोमस हब्स, जोन लक र जिन ज्याक्स रूसो पर्दछन्। राज्य के हो र यसको उत्पत्ति कसरी भएको हो भन्ने प्रश्नहरूको उत्तर खोज्ने प्रयास यस शोधमा गरिएको छ।

## ५. राज्य उत्पत्तिसम्बन्धी पौरस्त्य चिन्तन

पौरस्त्य राजनीतिक चिन्तन हिन्दु धर्म वा वैदिक सनातन धर्ममा आधरित छ। वैदिक परम्परामा राज्यविहीन समाजको पनि चित्रण गरिएको पाइन्छ। यसमा समयलाई सत्य, त्रेता, द्वापर र कलि युग गरी चार युगमा विभाजन गरिएको पाइन्छ। सत्य युगको प्रारम्भमा सनातन धर्मद्वारा नै समाज चलेको थियो भन्ने बताइएको छ।

### ३.१ रामायण र महाभारतमा राज्य उत्पत्तिको प्रसङ्ग

राज्यको उत्पत्तिलगायतका विषयमा रामायण र महाभारतमा प्रकाश पारिएको पाइन्छ। महाभारतको शान्ति पर्वमा निम्नानुसार उल्लेख भएको पाइन्छ –

न वै राज्यं न राजाऽऽसीन्न दण्डो न च दाण्डिकः।

धर्मेणैव प्रजाः सर्वा रक्षन्तिस्म परस्परम्॥ (मभा. शान्तिपर्व, अ. ५९, श्लो. १४)

अर्थात् सत्य युगको प्रारम्भमा संसारमा कुनै राज्य थिएन। कुनै राजा पनि थिएन। दण्ड व्यवस्था र दण्ड दिने कुनै अधिकारी पनि थिएन। सम्पूर्ण प्रजाहरू सनातन धर्मलाई नै मानेर आपसमा रक्षित थिए।

प्रारम्भिक समाजमा सत्य र न्यायको सत्ता भए पनि लामो समय यस्तो अवस्था रहन सकेन। महाभारतका अनुसार कालक्रमले मानिसमा सत्त्वगुण र धार्मिक विश्वास क्रमशः ह्रास हुँदैगयो (पाण्डेय, विसं. २०८२, पृ. १८८)। कालान्तरमा राज्यविहीन स्वर्णयुग समाप्त भयो। ठुलो माछाले सानो माछालाई खाएजस्तै बलियाले निर्धा मानिसको शोषण गर्ने प्रवृत्ति बढ्न थाल्यो। यस्तो अवस्थालाई मात्स्यन्याय भनिएको छ। यसबारे वाल्मीकि रामायणको कथन यस्तो छ–

मत्स्या इव जना नत्यं भक्ष्ययन्ति परस्परम्।

(वा.रा., अयो. स. ६७, श्लो ३१)

मात्स्यन्यायबाट उन्मुक्तिका लागि राज्य र राजाको सृजना गरिएको हो भन्ने रामायण र महाभारतमा लेखिएको छ।

### ३.२ स्मृतिशास्त्रमा राज्य उत्पत्तिको प्रसङ्ग

मनुस्मृतिलगायतका स्मृतिशास्त्रहरूमा राजनीतिका बारेमा विशेष रूपमा प्रकाश पारिएको छ। मनुस्मृति, बृहस्पतिस्मृति र महाभारतका अनुसार दण्डनीति र राज्यको प्रादुर्भाव हुनुभन्दा पहिले वैदिक सनातन धर्मको शासन थियो (पाण्डेय, २०८२, पृ. १८७)। यसअनुसार राज्यको उदय हुनुभन्दा पहिलेको अवस्था अत्यन्त राम्रो रहेको बुझिन्छ। तर समयक्रमसँगै मानिसमा लोभ र पापवृत्ति बढ्न थाल्यो। मनुका अनुसार यस संसारमा राजा नहुनाले डरले हाहाकार मच्चियो (पाण्डेय, २०८२, पृ. १८९)। यस्तो अवस्थाबाट मुक्तिका लागि राज्यको उत्पत्ति भएको हो भन्ने मनुस्मृति, याज्ञवल्क्यस्मृति आदि स्मृतिशास्त्रहरूमा लेखिएको छ। सबै प्रजाको रक्षाका लागि

सर्वशक्तिमान ईश्वरले राजाको सृजना गरे भन्ने मनुस्मृतिमा लेखिएको छ । त्यसैगरी ईश्वरले इन्द्र, वायु, यम, सूर्य, अग्नि, बरूण, चन्द्र र कुबेरसमेत आठ देवताको सारभूत अंशबाट राजाको उत्पत्ति गरेका हुन् भन्ने पनि मनुस्मृतिमा लेखिएको छ (मनु. अ. ७, श्लो. ४) ।

**६. राज्य उत्पत्तिसम्बन्धी पाश्चात्य चिन्तन**

राज्य उत्पत्तिका बारेमा पाश्चात्य जगत्मा लामो समयदेखि चिन्तन हुँदै आएको छ । यसमा दैवी सिद्धान्त, विकासवादि सिद्धान्त, शक्ति सिद्धान्त, सामाजिक सम्झौताको सिद्धान्त आदि प्रमुख हुन् । राजनीति शास्त्रका पिता मानिने अरस्तुले क्रमिक विकासबाट राज्यको उत्पत्ति भएको मानेका छन् । त्यसै गरी थोमस हब्स, जोन लक र जिन ज्याक्स रूसोले सामाजिक सम्झौताद्वारा राज्यको उत्पत्ति भएको मानेका छन् ।

राज्य उत्पत्तिका बारेमा पाश्चात्य क्षेत्रमा फरक-फरक विचार प्रस्तुत भएको पाइन्छ । तीमध्ये प्रमुख अवधारणा निम्नानुसार छन्:

४. १. **दैवी शक्ति सिद्धान्त (Divine Origin Theory)**

यस सिद्धान्तअनुसार राज्य मानिसले बनाएको संस्था नभई साक्षात ईश्वरले स्थापना गरेका हुन्। यसमा राजालाई पृथ्वीमा ईश्वरको दूत वा प्रतिनिधि मानिन्छ । दैवी सिद्धान्त मान्नेहरूका अनुसार राजाको आज्ञाको पालना गर्नु नै ईश्वरको आज्ञा पालना गर्नु हो । राजा आफ्ना कार्यका लागि जनताप्रति नभएर ईश्वरप्रति उत्तरदायी हुन्छन् भन्ने मानिन्छ । राजाको विरोध गर्नु पाप मानिन्छ। उनको आदेशको अवज्ञा गर्नु पनि अपराध मानिन्छ (काफ्ले, २०४६, पृ. ७५) । यसअनुसार राजालाई ईश्वरकै अंश वा अवतार मान्ने चलन पनि छ । यसरी दैवी सिद्धान्तअनुसार राज्य र राजामा दैवी गुण भएको मान्ने चलन छ । यसका समर्थकहरू निरङ्कुशताका हिमायती हुन् ।

४.२. **शक्ति सिद्धान्त (Force Theory)**

यस सिद्धान्तअनुसार शक्तिशाली व्यक्ति वा व्यक्ति समूहले राज्यको स्थापना गरेको हो । यसमा "जसको शक्ति उसैको भक्ति" (Might is Right) भन्ने भनाइलाई प्राथमिकता दिइन्छ । यस सिद्धान्तअनुसार शक्तिशाली व्यक्ति वा समूहले कमजोरमाथि विजय प्राप्त गरेर शासनसत्ता कब्जा गर्दछन् (काफ्ले, २०४६, पृ. ७८) । शक्तिशालीले युद्धमा कमजोरलाई हराएर राज्यको स्थापन गरेका हुन् भन्ने शक्ति सिद्धान्तको मान्यता हो । यो सिद्धान्तका प्रतिपादकहरू मेकियावेली, ह्युम, ओपनहाइम, लिकक आदि विचारक हुन् ।

४.३ **सामाजिक सम्झौता सिद्धान्त (Social Contract Theory)**

मानिसहरूले आफ्नो सुरक्षा र अधिकार रक्षाका लागि आपसमा सम्झौता गरी राज्य बनाएका हुन् भन्ने सामाजिक सम्झौतावादीहरूको मत छ । सामाजिक सम्झौतावादीहरूमा थोमसहब्स, जोन लक र जिन ज्याक्स रुसो पर्दछन् ।

४.३.१ **थोमस हब्सको सामाजिक सम्झौताको सिद्धान्त**

थोमस हब्स (सन् १५८८- १६७९) बेलायतका चिन्तक हुन् । उनको सबैभन्दा महत्त्वपूर्ण कृति लेवियाथाँ वा लेवियाथन (Leviathan) सन् १६५१ मा छापियो । उनको समयमा बेलायतका राजा चार्ल्स प्रथमलाई पदच्युत गरेर मृत्युदण्ड दिइएको थियो । बेलायतमा त्यसपछि ११ वर्षजति गणतन्त्र कायम भयो । तर त्यहाँ गणतन्त्र पनि असफल भएर पुनः राजतन्त्र स्थापना भयो । त्यसवेला बेलायतमा गृहयुद्ध चलेको थियो । त्यही समयमा हब्सले "लिवियाथाँ" नामक कृति लेखे जसमा निरङ्कुश राजतन्त्रको वकालत गरिएको थियो । उनका विचारमा बेलायतको तत्कालीन गृहयुद्ध प्रभाव परेको पाइन्छ । उनले यस ग्रन्थमा राज्य स्थापना हुनुअघिको अवस्था र मानव स्वभावको चित्रण गरेका छन् । उनी मानिसलाई असामाजिक प्राणी मान्दछन् । मानिस चरम स्वार्थी छ र उसमा सम्पत्तिको तीव्र भोक रहन्छ । प्रारम्भिक अवस्थामा मानव समाज हिंसाप्रधान थियो । मानिसहरूले मौका पाउनासाथ अरुको घाँटी रेट्ने गर्दथे । प्रकृतिले मानिसलाई शारीरिक र मानसिक रूपमा लगभग समान बनाएको हो । तर एकले अर्कालाई गुप्त तरिकाले वा षड्यन्त्रपूर्वक मार्ने गर्दछ । मानिसका बिचमा निरन्तर सङ्घर्ष मानिस झगडालु हुनाका तीन कारण प्रतिस्पर्धा, पारस्परिक अविश्वास र

असुरक्षा हुन्। प्रतिस्पर्धाले फाइदाका लागि, विश्वासको अभावका कारणले सुरक्षाका लागि र वैभव प्राप्त गरी प्रसिद्ध हुनका लागि मानिसहरू आपसमा सङ्घर्ष गर्दछन्। मानिस अहम् केन्द्रित हुने हुँदा उसमा सबै प्रकारका संवेग उत्पन्न हुन्छन्। शक्तिमाथि शक्ति थुपार्ने इच्छा मृत्युपर्यन्त रहन्छ। असुरक्षित महसुस गरेर सुरक्षा, पद, प्रतिष्ठाका लागि प्रयत्नशील रहन्छ। मानव स्वभावमा दैवी गुण पनि हुन्छन्। युद्धभन्दा शान्तिका लागि, आरामको इच्छा, मृत्युको भय, आर्जित वस्तुको भोगको इच्छाले कुनै शक्तिको आज्ञापालन गर्न बाध्य हुन्छ (प्रसाद, १९८८, पृ. ९)। दैवीभन्दा दानवी प्रवृक्ति नै बढी हुन्छ। वास्तवमा मानिस स्वार्थ पूर्तिका लागि ज्ञानी भएको हो।

प्राकृतिक अवस्था वा पूर्वसामाजिक अवस्था अराजक थियो। मानिसको जीवन नारकीय र दुःसह थियो। हिंसाप्रधान समाज थियो। दानवी प्रवृत्तिले जीवन अव्यवस्थित थियो। त्यस वेला सत्य र असत्य वा न्याय र अन्यायका बिचमा कुनै भिन्नता थिएन। मान्यता थियो भने केवल शक्तिको मान्यता थियो।[१] (Pant, 2004, p.28). मानिस नियन्त्रणको शक्तिको अभावले अराजकता फैलिएको थियो। यसले गर्दा उद्योगधन्दा, यातायात र सांस्कृतिक जस्ता क्षेत्रको विकास हुन पाएन। निरन्तर मृत्युको खतरा रहन्थ्यो। नैतिकताको कुनै स्थान थिएन। वैयक्तिक सम्पत्ति थिएन। सरकार विनाको अवस्थाको कल्पना गर्दा हब्सले बताएजस्तो हुन सक्छ। सरकार र राज्यहुँदा त मानिसले घरभित्र बस्दा छेस्किनी लगाउँछ, बाकसमा ताल्चा मार्छ र सिरानीमा हतियार राखेर सुत्छ भने अराजक अवस्था कति भयानक हुँदो होला।

हब्सका अनुसार पाशविक अवस्थाबाट मुक्तिका लागि मानिसहरूले प्रयत्न गर्दछन्। तिमीले अरूसँग त्यस्तो व्यवहार नगर जुन कुरा अरूद्वारा तिमीमाथि गरिएमा तिमी अविवेकपूर्ण मान्दछौ भन्ने भनाइलाई आधार मानेर सम्झौता गरिन्छ। सामान्य सम्झौता फितलो हुने हुँदा कडा शर्त भएको करार गर्नु आवश्यक ठानिन्छ। त्यसैले प्रत्येक व्यक्तिले प्रत्येकसँग भन्यो "म यो व्यक्ति वा व्यक्तिसभालाई आफ्नो शासन आफैँ गर्ने अधिकार यस सर्तमा समर्पित गर्दछु कि यदि तिमी पनि आफ्नो यो अधिकार यसै गरी समर्पित गर्दछौ।" सम्झौतापछिको संस्थालाई राज्य (Common Wealth) अथवा ल्याटिन भाषामा (Civitas) भनियो। करारद्वारा मानिसहरूले आफ्ना अधिकार व्यक्ति वा व्यक्तिसभालाई सुम्पेपछि त्यो व्यक्ति वा सभा सम्प्रभु बन्यो र जनता शासित वा प्रजा भए। सम्प्रभुले करार नगरेकोले उ करारभन्दा माथि थियो। करारपूर्वको प्राकृतिक अवस्थालाई हब्सले पूर्व सामाजिक अवस्था मानेका थिए। करार भएपछि त्यसलाई तोड्न नसकिने मानियो। हब्सले व्यक्तिसभाको शासनको कुरा ल्याए पनि उनी एक व्यक्तिको शासन प्रभावकारी हुने तर्क गर्छन्। यसअनुसार उनी निरङ्कुश राजतन्त्रका पक्षधर हुन् र राजालाई असीमित सम्प्रभुतासम्पन्न बनाउनुपर्ने पक्षमा जोड दिन्छन्। प्राकृतिक अवस्थाको सामान्य शक्ति र अधिकार थोमस हब्सले 'लेभाथान' (स्वेच्छाचारी प्रभु) लाई परमेष्ठ, सर्वव्यापी, सर्वशक्तिमानको रूपमा प्रस्तुत गरेका छन्। उनको भनाइअनुसार प्रभुको कार्य जस्तोसुकै निरङ्कुश र अन्यायी किन नहोओस्, तैपनि उनीप्रति विरोध दर्साउनु महापाप हो (वैद्य, विसं. २०३९, पृ. १२९)। यसरी हब्सले निरङ्कुशतालाई अन्ध तरिकाले समर्थन गरेको देखिन्छ।

यसरी हब्स राज्यको उत्पत्ति करारबाट भएको बताउँछन्। राज्यउत्पत्तिको दैवी सिद्धान्तमा उनले पहिलो प्रहार गरेका छन्।

### ४.३.२ जोन लकको सामाजिक सम्झौताको सिद्धान्त

बेलायतको समरसेटका जोन लक (सन् १६३२ – १७०४) पनि सामाजिक सम्झौतावादी चिन्तक मानिन्छन्। उनी बेलायतमा शान्तिपूर्ण रूपमा परिवर्तन भएको गौरवमय क्रान्ति (सन् १६८८) को समयका विचारक हुन्। त्यसैले उनको चिन्तनमा स्वतन्त्रता र प्रजातन्त्रको विशेष प्रभाव देखा परेको छ। उनका अनुसार प्राकृतिक अवस्थामा मानिस बुद्धिमान्, विवेकशील, असल, सहयोगी, प्रेम र दयाको पोषक, अनुशासनप्रिय र सामाजिक दृष्टिले पूर्ण थियो। मानव क्रियाको स्रोत इच्छा हो। इच्छापूर्तिले सुख र त्यसमा अवरोधले दुःख हुन्छ। मानवमा स्वशासनको सामर्थ्य हुन्छ। हब्सले भनेजस्तो प्राकृतिक अवस्था अराजक वा युद्धको समयजस्तो थिएन। मानिसहरू सबै स्वतन्त्र र समान थिए। प्राकृतिक कानुनका अधीनमा रहेर काम गर्न छुट भए पनि मनपरी गर्न पाइँदैनथ्यो। अर्काको जीवन, सम्पत्ति, स्वास्थ्य, स्वतन्त्रतामा हानी पुऱ्याउन पनि पाइँदैनथ्यो। प्राकृतिक अवस्थामा जीवनरक्षा, स्वतन्त्रता र

---

1. There is no place of right and wrong, just and unjust in the state of nature, the only right was the right of might.

सम्पत्तिको अधिकार गरी तीन अधिकारको उपयोग भएको थियो। कानुन उल्लङ्घन गर्नेलाई उचित दण्डव्यवस्था थियो। भ्रातृत्वयुक्त र न्यायपूर्ण समाज थियो। निकै राम्रो अवस्था भए करार किन गर्नुपरेको हो त भन्ने प्रश्न उठ्छ। प्राकृतिक अवस्थामा पनि केही असुविधा थिए। त्यस वेला लिखित नियम, निश्चित दण्ड र मेजिस्ट्रेट (न्यायिक अधिकारी) को अभाव थियो। कानुनको निश्चित परिभाषा थिएन। योग्य अधिकारी थिएन। नियम कार्यान्वयन गराउने अधिकारी थिएन। मानिसहरूले आफ्नो स्वार्थअनुसार कानुनको व्याख्या गर्न थालेका थिए। विवादको निराकण गर्ने निष्पक्ष तेस्रो पक्ष वा न्यायाधीश थिएन। मर्का पर्ने पक्षले आफूले आफैँलाई न्याय गर्नुपर्ने अवस्था थियो। यसमा भ्रष्ट र पतितबाट खतरा बढेको थियो (पोख्रेल, २०७६, पृ १४१)। यसरी प्राकृतिक अवस्थाका कमजोरीबाट बच्न मानिसहरूले स्वेच्छिक रूपले सामाजिक सम्झौता गरेका थिए।

उनका अनुसार दुई करार भएका थिए। पहिलो करारबाट राज्य वा सिभिल सोसाइटी **(Civil Society)** को जन्म भयो। उनले मूल करार र अर्को करारको कुरा ल्याए पनि यसबारे अस्पष्टता छ। मानिसले करार गरी व्यक्तिगत न्याय दिने अधिकार सरकारलाई प्रदान गरे। प्राकृतिक अधिकार दिएनन्। सबै अधिकार नदिएर त्यस्ता मात्र दिइयो जसबाट प्राकृतिक अव्यवस्था फैलन्थ्यो। करारको उद्देश्य जीवन, सम्पत्ति र स्वतन्त्रता सुनिश्चित् गर्ने र आन्तरिक तथा बाह्य संकटबाट रक्षा गर्ने थियो। सीमित सरकार र सहमतिको सिद्धान्तमा लकले जोड दिएका थिए। सरकार सर्वसत्तावादी नभएर जवाफदेही हुन्छ भन्ने उनको विचार थियो। नागरिकहरूको सहमतिबाट सरकार बन्छ र वैध हुन्छ।

लकका अनुसा व्यक्तिले सबै अधिकार सुम्पँदैन। दण्ड दिने अधिकार मात्र नागरिकले राज्यलाई दिए। बाँकी सबै अधिकार राज्य बनिसक्दा पनि व्यक्तिमा नै राखियो। अधिकारको त्याग सम्पूर्ण समाजका पक्षमा भएको हो। लकका अनुसार व्यक्तिले सीमित अधिकार समुदायलाई समष्टिगत रूपमा सुम्पन्छन्। करारबाट निर्मित समाज असीमित अधिकारले युक्त हुँदैन बरू दोहोरो नियन्त्रणमा रहन्छ (पोखरेल, २०७३, पृ. १४३)। पहिलो व्यक्तिले अदेय अधिकार आफूमा राख्छ र राज्यशक्तिलाई मर्यादित पार्छ। दोस्रो राज्यले प्राकृतिक कानुनको व्याख्या र प्रयोग गर्दा ऊ आफू पनि त्यसद्वारा बाँधिएको हुन्छ। करार सर्वसम्मत भएकोले कोही पनि विनासहमति त्यसमा प्रवेश गर्न सक्दैन। करारपछि बहुमतको शासन हुन्छ जसलाई अल्पमतले स्वीकार्नु पर्छ। यसरी लकका अनुसार करारबाट उदार र लोकतान्त्रिक राज्यको उदय भएको हो।

### ४.३.३ **जिन ज्याक्स रूसोको सामाजिक सम्झौताको सिद्धान्त**

जिन ज्याक्स रुसो (सन् १७१२–१७७८) तेस्रा सामाजिक सम्झौतावादी विचारक हुन्। उनले सन् १७५० मा निबन्ध प्रतियोगितामा भाग लिए। त्यस निबन्धको शीर्षक थियो "के कला र विज्ञानको पुनरुत्थानले नैतिकतालाई शुद्ध पार्न सहयोग गरेको छ ?" यसमा रुसोले कला र विज्ञानले मानव नैतिकतालाई भ्रष्ट पारेको छ भन्ने तर्क दिई निबन्ध लेखेर प्रथम पुरस्कार पाए। सन् १७५४ मा पनि रुसोले निबन्ध प्रतियोगितामा भाग लिए। यसमा कुनै स्थान नपाए पनि उनको पहिलोभन्दा दोस्रो निबन्ध स्तरीय मानिन्छ। यसमा उनले निजी सम्पत्तिको अवधारणा र सभ्यताको विकासले नै मानिसमा असमानता र दासता ल्याएको हो भन्ने बताए। रुसोका यिनै निबन्धले सामाजिक सम्झौताका आधार तयार पारेका हुन्। यसबाट फ्रान्सको राज्यक्रान्तिलाई पनि ऊर्जा प्राप्त भयो।

रुसो पनि हब्स र लकले जस्तै सम्झौताद्वारा राज्य बनेको मान्छन्। रुसोका विचार केही हब्ससँग र केही लकसँग मिल्छन् भने केही उनका मौलिक विचार पनि छन्। रुसोका अनुसार मानव सदाशयी र असल हुन्छ। भ्रष्ट कलाले खराब हुन्छ अन्यथा मानिस सोझो हो। मानवमा मूल रूपमा दुई प्रवृत्ति हुन्छन् : १. आत्मप्रेम वा आत्मरक्षाको प्रवृत्ति २. सहानुभूति वा पारस्परिक सहयोगको प्रवृत्ति। मानिसका यी दुई प्रवृत्तिमा प्रायः मेल हुन्छ तर आत्मप्रेम र सहानुभूतिको टक्कर पनि हुन्छ। त्यस्तो वेला अन्तस्करणले व्यक्तिलाई मद्दत गर्दछ। अन्तस्करण भनेको प्रकृतिको उपहार हो जसमा नैतिक शक्ति मात्र हुन्छ। अन्तस्करणले मानिसलाई सत्यप्रति प्रेम र असत्यप्रति घृणा गर्न सिकाउँछ तर यसमा असल–खराब छुट्ट्याउने शक्ति हुँदैन भन्ने रुसोको मत छ। यसलाई विवेकले मात्र छुट्ट्याउँछ। यसमा अन्तस्करण र विवेकका बिचमा भिन्नता छ भन्ने रुसोको विचार छ। त्यसैले व्यक्ति कुमार्गमा हिड्यो भने अन्तस्करणको दोष होइन विवेकको हो किनभने विवेकले सत्य–असत्य अथवा सुमार्ग–कुमार्ग छुट्ट्याउन सकेन। यसरी रुसो असल मानिस खराब हुनुमा अन्तस्करणको दोष नभएर विवेक तथा भ्रष्ट सामाजिक संस्थाहरूको दोष हो भन्ने सिद्ध गर्दछन्। मानिस असल र स्वाभाविक बनिरहने हो भने उसले दम्भलाई छोड्नुपर्छ किनभने दम्भले विनाश निम्त्याउँछ।

रूसोका अनुसार प्राकृतिक अवस्थामा मानव जीवन चोखो, शान्त, सुखी, स्वतन्त्र, सन्तुष्ट, स्वस्थ र निडर थियो । कुनै भय र चिन्ताविना सज्जन अर्थात गौप्राणी जस्तो थियो तेरो–मेरो र उँच–नीच भन्ने भावना थिएन । ज्ञानविज्ञानको विकास भएको थिएन । जीवन सरल र आवश्यकता कम मात्रामा थिए । वर्तमानप्रति मात्र मानिसको सरोकार थियो । भविष्यको चिन्ता थिएन । प्राकृतिक अवस्थाको उत्तरार्धमा सम्पत्तिरूपी सर्पले मानिसलाई आक्रमण गऱ्यो । जमिनको टुक्रालाई घेरेर राख्न थालेपछि मानिसमा यो मेरो र त्यो तेरो भन्ने भावना आयो । परिवार र वैयक्तिक सम्पत्ति जोड्ने प्रवृत्ति बढ्न थाल्यो । अन्य वस्तुमाथि पनि कब्जाको प्रवृत्ति बढेपछि समाजको निर्माण भयो । समाजमा धनी र गरिब तथा बलियो र निर्धोको भेदभाव सुरु भयो । शान्त मानवजीवन अशान्त र विषाक्त बन्न गयो । बलिया र टाठाबाठाले निर्धालाई दास बनाउन थाले । समाजमा आफू शक्तिशाली बनेर सत्ताधारी भए भने निर्धालाई दास बनाए । कानुन बनाएर समाजमा शोषण सुरु गरे । गरिबको स्वतन्त्रतामा हत्कडी लगाए । शोषणबाट असङ्ख्य सम्पत्ति लुटेर सुखभोग गर्न थाले रुसोले यस्तो अवस्थाबाट प्राकृतिक अवस्थामा फर्कन नसक्ने देखेर समाज निर्माणको नयाँ सोच आएको बताए । विकृतिको अन्त्यका लागि सामाजिक करारको अवधारणा आएको बताए । हामीलाई यस्तो प्रतिष्ठानको आवश्यकता छ जसले एकै साथ व्यक्ति र उसलाई पतित पार्ने ती संस्थाहरूलाई पुनर्निर्माण गर्न सकियोस् ।

तेरो र मेरो भन्ने भावनाबाट आएको अशान्तिको समस्या समाधानका लागि सामाजिक करार भयो । आफ्नो स्वतन्त्रताको रक्षा गर्दै सुरक्षा प्राप्तिका लागि मानिसहरूले आपसमा सम्झौता गरे । मानिसले आफ्नो जीवन, सम्पत्ति र स्वतन्त्रताको रक्षाका लागि करार गरेका हुन् । मानिस स्वतन्त्र जन्मिन्छ र सर्वत्र साङ्लोमा बाँधिएको हुन्छ भन्ने विरोधाभासपूर्ण भनाइबाट नै रुसो राजनीतिक समस्या समाधान गर्न खोज्छन् । स्वतन्त्र जन्मिन्छ भन्नाले मानिसको प्राकृतिक सक्षमता जनाउँछ । साँङ्लोमा बाँधिनुको अभिप्राय सामाजिक, कानुनी र आर्थिक बन्धन हो । उक्त भनाइ रुसोको सामाजिक सम्झौता नामक कृतिको अत्यन्त प्रसिद्ध भनाइ हो । यसैअनुसार सामाजिक सम्झौता भयो । सम्झौताको बेहोरा – "हामीमध्ये प्रत्येक व्यक्ति सामूहिक रूपले आफ्नो शारीरिक र अन्य सम्पूर्ण शक्तिलाई अन्य सबैसँग मिलेर सामान्य इच्छाको निर्देशनमा राख्दछौँ र आफ्नो सामूहिक रूपमा हामी प्रत्येक सदस्यलाई सम्पूर्णको एक अभिन्न अङ्गका रूपमा स्वीकार गर्दछौँ" (पोखरेल, २०७३, पृ. १५२० । प्राकृतिक अवस्थामा स्वतन्त्रता उपभोग भए पनि त्यसको रक्षा व्यक्ति स्वयंले गर्नुपर्थ्यो ।

सामाजिक जीवनमा आइपुग्दा पनि त्यस्तो स्वतन्त्रताको अपहरण नहोस् भन्नेतर्फ रुसो सचेत थिए । व्यक्तिले आफ्ना अधिकार समाजलाई प्रदान गर्छ । व्यक्तिले जति गुमाउँछ त्यति नै प्राप्त गर्छ र त्यसको सुरक्षाका लागि अझ बढी शक्ति प्राप्त गर्छ । असामाजिक भावनाबाट गर्ने कार्य गुमाउँछ । करारबाट व्यक्तिलाई नागरिक स्वतन्त्रता प्राप्त हुन्छ जसको संरक्षण व्यक्तिले नभएर सम्पूर्ण समाजले गर्दछ (प्रसाद, १९८८, पृ. ३३) । मानिसहरूले आपसमा करार गरेपछि पृथक् व्यक्तिका स्थानमा आफ्नै इच्छा, आफ्नै जीवन र आफ्नै अस्तित्व भएको एउटा नैतिक र सामूहिक निकायको निर्माण हुन्छ जुन समस्त व्यक्तिको इच्छा, जीवन र अस्तित्वको योग हो । सदस्यहरूले यसलाई निष्क्रिय अवस्थामा राज्य, सक्रिय अवस्थामा सम्प्रभु र यहीजस्तो अन्यको तुलनामा शक्ति भन्दछन् । यसमा सामेल हुने व्यक्ति सामूहिक रूपले जनता, सम्प्रभुताको कार्यान्वयनमा भाग लिँदा नागरिक र राज्यको अधीनमा रहँदा प्रजा मानिन्छन् । रुसोको करार हब्स र लकको मिश्रित रूप हो । यसमा हब्सले जस्तो कुनै महामानवलाई स्वतन्त्रता प्रदान नगरेर व्यक्तिहरूले सामूहिक रूपमा आफैँसँग राख्छन् । जनता सम्प्रभुतासम्पन्न हुन्छन् र जनइच्छाअनुसार शासन कायम हुन्छ । यसरी रूसो लोकतन्त्रका समर्थक भएको पाइन्छ (भण्डारी, विसं. २०७१, पृ. १५९) ।

प्राकृतिक अवस्थाको सरल मानव जीवनमा जनसङ्ख्याको वृद्धि, तर्कको उदय, परिवार र सम्पत्तिको उदयले परस्परमा सङ्घर्ष भयो । यस्तो अराजकता अन्त्य गरी समाजमा स्वतन्त्रता कायम गर्न करार भयो । करारपछि सबैले आफ्ना शक्ति र अधिकार समाजलाई सुम्पने हुँदा यस्तो समाज स्वतन्त्र र उदार हुन्छ । करारपछि मानिसहरू अन्य व्यक्तिको अधीनमा नरहेर सामान्य इच्छाको अधीनमा रहन्छन् । सामान्य इच्छाका बारेमा रुसोको धारणाअनुसार प्रत्येक व्यक्ति आफ्नो व्यक्तित्व र आफ्नो सम्पूर्ण शक्तिलाई सामान्य प्रयोगका लागि सामान्य इच्छाको सर्वोच्च निर्देशनका अधीनमा समर्पित गर्दछ । त्यसपछि त्यस व्यक्तिले एउटा समूहको अविभाज्य अङ्गका रूपमा तिनलाई पुनः प्राप्त गर्दछ । त्यसैले समाजको सामान्य इच्छा सबै व्यक्तिका लागि सर्वोच्च हुन्छ र प्रत्येक व्यक्ति त्यसका अधीन हुन जान्छन् भन्ने रूसोको धारणा छ । करारबाट उत्पन्न राज्यको स्वरूप आङ्गिक हुन्छ । कानुन निर्माणको अङ्ग शिर, कार्यकारिणी हात, न्यायपालिका मस्तिष्क, कृषि, उद्योग, व्यापार पेट र राजस्व रक्तसञ्चार जस्तै हुन् । करार निरन्तर चलिरहने क्रम हो । मानिसहरूले सामान्य इच्छामा निरन्तर भाग लिन्छन् र राज्यलाई निरन्तर सहमति प्रदान गर्दछन् । शुद्ध व्यक्तिगत अधिकार

व्यक्तिमा सुरक्षित रहन्छ । सबै अधिकार सामान्य इच्छामा समर्पण गरे पनि व्यक्तिका नितान्त व्यक्तिगत अधिकार व्यक्तिमै सुरक्षित रहन्छ । व्यक्तिले खाने, लाउने जस्ता अधिकारमा राज्यको हस्तक्षेप हुँदैन । सामान्य अवस्थामा व्यक्तिगत भनी छुट्ट्याइएको अधिकार पनि विशेष अवस्थामा सार्वजनिक मानेर राज्यमा लग्न सकिन्छ । करारपछि सरकार नभएर सम्प्रभुतासम्पन्न समाज निर्माण हुन्छ । सरकार भनेको सम्प्रभुतासम्पन्न निकायको एउटा यन्त्र मात्र हो । करारपछि प्राकृतिक प्रवृत्तिको अन्त्य भएर न्यायको शासन हुन्छ । व्यक्तिमा नैतिकता र समाजप्रतिको कर्तव्यबोध हुन्छ ।

### ४.४ **पितृसत्तात्मक र मातृसत्तात्मक सिद्धान्त (Patriarchal Matriarchal Theory)**

पितृसत्तात्मक भन्नाले पुरूष वा परिवारको सबैभन्दा ज्येष्ठ पुरूषको शासन भन्ने हो भने मातृसत्तात्मक भन्नाले परिवारको सबैभन्दा ज्येष्ठ महिलाको शासन भन्ने हो । राज्य उत्पत्तिको पितृसत्तात्मक सिद्धान्तमा परिवारको विस्तृत रूप राज्य मानिन्छ । अरस्तुले राज्यलाई परिवारको विस्तृत रूप मानेका छन् । परिवारमा सबैभन्दा जेठो पुरुष सदस्य अथवा पिताको सर्वोच्च अधिकार रहन्छ । त्यही परिवारको मुखिया हुन्छ । त्यहाँ त्यसको आदेश कानुन सरह हुन्छ। समाजका धैरै परिवार मिलेर  कुल (Clan) बन्यो, । कुलबाट जनजाति (Tribe) बन्यो भने जनजातीय समूहह मिलेर राज्यको प्रादुर्भाव भयो । बेलायतका विधिशास्त्री सर हेनरी मेन (सन् १८२२–१८८८)  यस सिद्धान्तका प्रमुख प्रवर्द्धक हुन्।

राज्य उत्पत्तिको अर्को सिद्धान्त मातृसत्तात्मक हो । यसले प्रारम्भिक समाजमा पितृसत्तात्मक समाजभन्दा अघि मातृसत्तात्मक समाज थियो । समाजमा नारीको प्रमुख स्थान थियो । विवाहको स्थायी विधान थिएन । आमाको नामबाट वंशपरम्परा चल्थ्यो ।  सम्पत्तिको उत्तराधिकार छोरामा नभएर छोरीमा चल्ने व्यवस्था थियो । महिलाको नेतृत्वमा पारिवारिक परम्परा सञ्चालन हुन्थ्यो । यसै अनुरूप समाज र राजनितिक संरचनामा पनि महिलाकै नेतृत्व कायम रहन गयो ।  यसरी मातृसत्तात्मक पारिवारिक संरचनाको विकसित रूपमा राज्यको निर्माण भएको हो । म्याकलेनन (McLennan), मोर्गन (Morgan) आदि यस विचारधाराका समर्थक हुन् ।

### ४.५ **विकासवादी वा ऐतिहासिक सिद्धान्त (Evolutionary Theory)**

राज्य उत्पत्तिका सिद्धान्तमध्ये यो सबैभन्दा बढी विश्वसनीय सिद्धान्त मानिन्छ । यसले राज्य क्रमशः विकसित हुँदै आएको संस्था मान्दछ । राज्यलाई कुनै ईश्वरले बनाएको वा कुनै सम्झौताद्वारा राज्य बनेको भन्ने सिद्धान्तलाई यसले मान्दैन । यस सिद्धान्तअनुसार परिवार र रगतको सम्बन्धले मानवसमाज संगठित भयो । समाजमा धर्मले पनि मानिसहरूलाई अनुशसित र संगठित पार्न सहयोग पुग्यो । शक्ति र युद्धका कारणले पनि राज्य विस्तार हुन गयो । सानातिना राज्यहरू ठुला राज्यमा मिल्न थाले । यसबाट सुदृढ र संगठित राज्य निर्माणमा सहयोग पुग्यो । व्यावसायिक र आर्थिक गतिविधिले पनि राज्य निर्माणमा सहयोग पुग्यो ।  समाजमा शिक्षाको विकाससँगै राजनीतिक चेतनाको अभिवृद्धि भयो । शान्तिसुरक्षा कायम गर्न र अन्य जनसेवाका काम गर्न राज्यमा सरकारको प्रादुर्भाव भयो (काफ्ले, २०४६, पृ. ९२) । यसरी राज्यलाई क्रमशः विकसित हुँदै आएको संस्थाका रूपमा लिन सकिन्छ ।

### ४. ६ **मार्क्सवादी सिद्धान्त (Marxist Theory)**

राज्य उत्पत्तिका बारेमा कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले दिएका विचारलाई मार्क्सवादी सिद्धान्त भनिन्छ । यस सिद्धान्तअनुसार राज्य ऐतिहासिक संस्था हो । निजी सम्पत्तिको प्रादुर्भावपछि राज्य बनेको हो । मार्क्सवादीहरू राज्य वर्ग संङ्घर्ष (Class Struggle) बाट राज्य उत्पन्न भएको मान्दछन् । परापूर्व कालमा मानिसहरू समूहमा बस्थे र सबै चिजहरू साझा सम्पत्ति मानेर उपयोग गर्दथे । पशुपालन र कृषि व्यवसायको प्रारम्भसँगै मानिसमा निजी सम्पत्ति राख्ने परम्पराको थालनी भयो ।  यसबाट समाज शोषक र शोषित वा धनी र गरिब वर्गमा विभाजित भयो । त्यसपछि धनी वर्गले गरिब वर्गलाई दमन गर्न बनाएको एउटा यन्त्र राज्यको निर्माण गरे। मार्क्सवादी विचाराधाराअनुसार राजय एउटा वर्गले अर्को वर्गलाई दमन गर्न बनाइएको यन्त्र हो । मार्क्सवादीहरू आर्थिक संरचनालाई पनि समाज र राज्यको आधार मान्छन् । धनी, जमिन्दार र उद्योगका मालिकका हातमा आर्थक साधन भएकाले तिनले नै राज्य सञ्चालन गर्छन् भन्ने मानिन्छ । यसमा राज्यले अत्यन्त शोषण गर्ने हुँदा सर्वहारा वर्गले संङ्घर्ष गरेर आफ्नो शासन कायम गर्छन् । त्यसपछि राज्य ओइलाउँदै जान्छ (पोखरेल, २०७३, पृ. २१४) । यसरी राज्य ओइलाउँदै गरएर अन्त्यमा राज्यविहीन वर्गविहीन समाज कायम हुन्छ भन्ने मार्क्सवादी विचारधारा हो ।

## ७. उपसंहार र निष्कर्ष

संसामा अनेक राज्यहरू हजारौँ वर्षदेखि सञ्चालनमा आएका छन् । यस्ता राज्यहरू सुरूमा कसरी उत्पन्न भए होलान् भन्ने विषयमा लामो समयदेखि वहस हुँदै आएको पाइन्छ । वास्तवमा राज्यको उत्पत्तिका बारेमा ठोस तथ्य फेला पार्न कठिन छ । विद्वान्हरूले यसबारे अनेक तर्कवितर्क प्रस्तुत गरेका छन् । यस्ता विषयवस्तुको अध्ययनबाट राज्यको उत्पत्तिका बारेमा अनुमान लगाउन सकिन्छ । राज्यहरू विभिन्न माध्यमबाट उत्पन्न भएका हुनसक्छन् । तीमध्ये सामाजिक संझौताको सिद्धान्त, दैवी सिद्धान्त, शक्तिको सिद्धान्त र विकासवादी सिद्धान्त बढी भरपर्दा देखिन्छन् ।

## सन्दर्भ सामग्री

अधिकारी, बमबहादुर, (विसं. २०७५), विश्व इतिहासको रूपरेखा, डिकुरा पब्लिकेसन, काठमाडौँ।
काफ्ले, मायाप्रसाद, (विसं. २०४६), नागरिक शास्त्रको आधुनिक सिद्धान्त, भुवन प्रकाशन, विराटनगर।
पाण्डेय, लालमणि, (विसं. २०८२), दण्डनीति : हिन्दु शासनकला र रामराज्य, इन्डिगो इन्क प्रा. लि., काठमाडौँ।
पोखरेल, कृष्ण, (विसं. २०७३), विश्वका प्रमुख राजनितिक विचारक र वादहरू, एम के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, काठमाडौँ।
प्रसाद, चन्द्रदेव, (सन् १९८८), महान राजनीतिक विचारक जीन ज्याक्स रूसो, भारती भवन गोविन्द मित्र रोड, पटना।
प्रसाद, चन्द्रदेव, (सन् १९८८), महान राजनीतिक विचारक टामस हब्स, भारती भवन गोविन्द मित्र रोड, पटना।
भण्डारी, बुद्धिप्रसाद, (विसं. २०७१) राजनीतिक विचारधारा र वादहरू, पैरवी प्रकाशन, काठमाडौँ।
वैद्य, रत्नकमल, (विसं. २०३९), विश्वका प्रमुख वादहरू (दोस्रो सं.), रत्न पुस्तक भण्डार, काठामाडौँ।
Pant, S.C., (2004), History of political thought. Prakashan Kendra, Lucknow.